बागमती प्रदेश सभा

# प्रदेश मामिला समिति

# पाँचौँ वार्षिक प्रतिवेदन, २०८१




## प्रदेश मामिला समिति

बागमती प्रदेश, हेटौंडा, नेपाल

URL:provincialassembly.bagamati.gov.np
e-mail: pmamila@bagamati.gov.np

बागमती प्रदेश सभा

# प्रदेश मामिला समिति

# वार्षिक प्रतिवेदन २०८१

प्रदेश मामिला समिति

हेटौडा, नेपाल

# प्रदेश मामिला समितिमा रहनु हुने माननीय सदस्यहरु



**सभापति**

मा.छिरिङ्ग दोर्जे लामा

0 

सदस्य

मा.अमन कुमार मास्के



सदस्य

मा.ईन्द्र बहादुर बानिया



सदस्य

मा.उद्धव थापा



सदस्य

मा.उर्मिला सुनुवार



सदस्य

मा.कन्चन चन्द्र वादे



सदस्य

मा.कुन्दन राज काफ्ले



सदस्य

मा. कुमारी तामाङ



सदस्य

मा.कृष्ण प्रसाद शर्मा खनाल



सदस्य

मा.जयराम थापा



सदस्य

मा. प्रभात तामाङ



सदस्य

मा. प्रेम भक्त महर्जन



सदस्य

मा. वहादुरसिंहलामातामाङ



सदस्य

मा. यूवराज चौलागाई



सदस्य

मा. रत्न प्रसाद ढकाल



सदस्य

मा.राधिका तामाङ



सदस्य

मा. शिवराज अधिकारी



सदस्य

मा. सुरेन्दर राज गोसाई



सदस्य

मा. हरिप्रभा खड्गी श्रेष्ठ



**समिति सचिव**

सुन्दर बाँस्कोटा

# बागमती प्रदेश सभा

# प्रदेश मामिला समिति

## <u>सभापति</u>

## माननीय छिरीङ्ग दोर्जे लामा

सदस्यहरुः

| क्र.सं. | नाम थर |
|---|---|
| १ | माननीय अमन कुमार मास्के |
| २ | माननीय ईन्द्र वहादुर वानीयाँ |
| ३ | माननीय उद्धव थापा |
| ४ | माननीय उर्मिला सुनुवार |
| ५ | माननीय कन्चन चन्द्र वादे |
| ६ | माननीय कुन्दन राज काफ्ले |
| ७ | माननीय कुमारी तामाङ |
| ८ | माननीय कृष्ण प्रसाद शर्मा खनाल |
| ९ | माननीय जयराम थापा |
| १० | माननीय प्रभात तमाङ |
| ११ | माननीय प्रेम भक्त महर्जन |
| १२ | माननीय वहादुर सिंह लामा(तामाङ) |
| १३ | माननीय यूवराज चौलागाई |
| १४ | माननीय रत्न प्रसाद ढकाल |
| १५ | माननीय राधिका तामाङ |
| १६ | माननीय शिवराज अधिकारी |
| १७ | माननीय सुरेन्द्र राज गोसाई |
| १८ | माननीय हरिप्रभा खड्गी श्रेष्ठ |
| १९ | सुन्दर बाँस्कोटा समिति सचिव |

# मन्तव्य



**माननीय सभामुख महोदय,**

प्रदेश मामिला समितिले दोस्रो प्रदेश सभाको पहिलो वार्षिक प्रतिवेदन यस सम्मानीत सभामा पेश गर्न पाउँदा खुसि लागेको छ। यो एक वर्षको अवधिमा यस समितिले सम्पादन गरेका कार्यहरु समेटी प्रदेश सभा नियमावली वमोजिम वार्षिक प्रतिवेदन पेश गर्न गई रहेको व्यहोरा निवेदन गर्दछु।प्रदेश सभा नियमावलीले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र श्रम रोजगार तथा कानून मन्त्रालयको काम कार्यवाहीका साथै महालेखा परिक्षक र प्राकृतिक श्रोत तथा वित्त आयोग वाहेकका संवैधानिक आयोगका विषय माथि संसदीय निगरानी गर्ने तथा सरकारवाट पेश भएका विधेयकहरु माथि छलफल तथा विशेषज्ञको सुझाव समेत समेटि सभामा प्रतिवेदन पेश गर्ने, ऐनवाट निर्देशित गरेका नियमावली, निर्देशिका, आदेश आदि प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन सम्वन्धी कार्यहरुका साथै मन्त्रालय तथा निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, राजश्व र व्यय सम्बन्धी अनुमान तयार गर्ने तरिका, सार्वजनिक सम्पत्तिको हिनामिना हुन नदिने साथै प्रचलित ऐन, नियम बमोजिम भए गरेका काम कारवाहीहरुलाई पारदर्शी र जनता प्रति उत्तरदायी बनाउने जिम्मेवारी प्रदान गरे बमोजिम समितिले आफ्ना छलफल र काम कार्यवाहीहरुलाई केन्द्रित गरेको छ।

**माननीय सभामुख महोदय,**

हामी तीन तह सहितको संघीय, समावेशी, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था कार्यान्वयन गर्न प्रदेश तहलाई संविधानमा व्यवस्था गरेको काम कर्तव्य र अधिकारलाई स्थापित गर्ने चरणमा छौं र यति वेला हामी सवैले आ-आफ्नो ठाउंवाट सुशासन, पारदर्शिता, जवाफदेहिता र संवेदनशीलता तथा भ्रष्टाचार प्रति शून्य सहनशीलताको नीतिलाई कडाईपूर्वक कार्यान्वयन गरी सिमित साधन र श्रोतको अधिकतम सदुपयोग गरी आर्थिक समृद्धि र दिगो विकासको गतिलाई अगाडि वढाउनु पर्ने चुनौती आएकोछायसको लागि कडा आर्थिक अनुशासन र कानूनी प्रकृयाको पालना गर्नु गराउनु आवश्यक देख्दछु।

### माननीय सभामुख महोदय,

प्रदेशमा सुशासन कायम गर्न जनतालाई सहज हुनेगरी जिल्ला जिल्लामा एकिकृत प्रशासनिक संरचनाहरु निर्माण गरी प्रदेशको झण्डाको रुपमा रहेका प्रदेश सभा सदस्यहरुलाई वढि भन्दा वढि परिचालित हुने कानून निर्माण गर्ने तथा आवश्यक मात्रामा दक्ष कर्मचारीको व्यवस्थापन गर्न, प्रदेशको भौतिक विकासको गतिलाई अगाडि वढाउन, आवश्यक कानूनहरु समयमै निर्माण सम्पन्न गर्न केन्द्रीय सरकार, स्थानीय तह र प्रदेशमा अन्तर मन्त्रालय समन्वयका साथ कार्य गर्न जरुरी छ।समितिको यस अवधिमा विविध कारणले संसदीय निगरानी सम्वन्धी कार्यको अपेक्षित भूमिका निर्वाह गर्न नसकेतापनि थुप्रै अनुभवहरु हासिल भएका छन्। आगामी दिनमा अझ गम्भिर रुपले मेहनत गर्नुपर्ने हामी सबैलाई महशुस भएको छ।

### माननीय सभामुख महोदय,

समितिले प्रदेशको अधिकारलाई व्यवस्थित ढंगले कार्यान्वयन गर्नको लागि बागमती प्रदेश सरकारलाई के कति कानून आवश्यक्ता पर्दछ, सो को विवरण उपलव्ध गराउन,सरकारले विनियोजन गरेको बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा तथा बजेट खर्च उद्धेश्यमूलक तथा प्रभावकारी बनाउन, सम्वन्धित क्षेत्रका प्रदेश सभाका सदस्यहरूलाई समेत सक्रिय बनाउन, आवश्यक कार्यविधी निर्माण गरी लागु गर्न, प्रदेश लोक सेवा आयोग बाहेकका संवैधानिक निकायको प्रगती सम्वन्धमा समितिलाई उपलव्ध गराउनु पर्ने प्रतिवेदन उपलव्ध नभएको समितिका कतिपय निर्देशनहरू सरकारले पालना नगरेको र समितिले दिएका प्रतिवेदनलाई गम्भिरतापूर्वक अध्यन गरी कार्यान्वयनमा नल्याएको, विशेषगरी प्रशासनिक संरचनालाई कम खर्चिलो सेवामा सहजता ल्याउने, प्रत्येक जिल्लामा एकिकृत कार्यालय स्थापना गरी संघियताको अनुभूती जनतालाई दिने सवालमा र विपद् व्यवस्थापनको सवालमा तथा कानून मिर्माणको सवालमा प्रदेश सरकार गम्भिर हुनु पर्ने समितिको ठहर छ। साथै प्रदेश सभामा सरकारका कामकारवाहीका सम्बन्धमा मसिनो ढंगले छलफल हुन नसक्ने भएकाले विषयगत समितिका वार्षिक प्रतिवेदनमाथि सभामा व्यापक छलफलगरि सभाको गरिमालाई अझ बढाउनु पर्ने आवश्यक्ता देख्दछु।

### माननीय सभामुख महोदय,

प्रदेश सभामा सरकारका कामकार्वाहीका सम्बन्धमा संसदीय निगरानी गर्न, सरकारवाट पेश भएका विधेयकहरु माथि छलफल एवं विशेषज्ञको सेवा तथा परामर्श लिन, अन्तर प्रदेश तथा केन्द्रका विभिन्न निकायहरुले गरेका अभ्यासको अनुभव लिने जस्ता कार्यकालागि सवै विषयगत समितिहरुलाई आवस्यकता अनुसारको वजेट विनियोजन हुनुपर्दछ।समितिका गतिविधि प्रभावकारी ढंगले संचालनहुँदा सरकारलाईनै फाइदा पुग्दछ।तर वागमती प्रदेश सभाका विषयगत समितिकोलागि विनियोजन गरेको वजेट हेर्दा समितिहरुले कुनै विषयमा दुई

दिनको आवाशीय सुविधा सहितको कार्यक्रम संचालन गर्न कुनै गैह्रसरकारी संस्थालाई गुहार्नुपर्ने अवस्था छ। तसर्थ यसमा सरकारलाई यथोचित ध्यान पुर्याउन आग्रह गर्दछु।

**माननीय सभामुख महोदय,**

अन्तमा समितिको कार्य सम्पादनमा सहयोग पुर्याउनुहुने प्रदेश सभाका माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, आ-आफ्नो जिम्मेवारी निर्वाह गरी समितिलाई विशेष सहयोग पुर्याउनुहुने समितिका सम्पुर्ण माननीय सदस्यहरु, प्रदेश सभाका सचिव,सचिवालय सचिव, समिति सचिव, लगायत सचिवालयमा कार्यरत सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ ले प्रदान गरेको जिम्मेवारी वमोजिमको प्रतिवेदन सोही नियमावलीको नियम १५८ बमोजिम सम्मानित सदनमा प्रस्तुत गर्दछु।

**धन्यवाद**

मितिः२०८१/०२/३२

**छिरीङ्ग दोर्जे लामा**
**सभापति**
**प्रदेश मामिला समिति**
**बागमती प्रदेश**

# बिषय-सुची

## परिच्छेद-१
## प्रारम्भिक


१.१ पृष्ठभूमि

१.२ समितिको गठन

१.३ समितिको कार्य क्षेत्र, काम, कर्तव्य र अधिकार

१.३.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्षेत्र

१.३.२ आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्यक्षेत्र

१.३.३ श्रम,रोजगार तथा यतायात मन्त्रालयको कार्यक्षेत्र

१.३.४ प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ बमोजिम प्रदेश मामिला समितिको काम, कर्तव्य र अधिकार

१.४ समितिको कार्यविधि

१.५ सीमा


## परिच्छेद-२
## समितिबाट सम्पादित मुख्यकार्यहरु


२.१ मन्त्रालयसंग सम्वन्धित कार्यहरु

२.२ विधायन सम्वन्धी कार्यहरु


## परिच्छेद-३
## समितिका निर्णय


३.१ समितिका विभिन्न बैठकका निर्णयहरु


## परिच्छेद-४
## निष्कर्ष


५.१ निष्कर्ष

# परिच्छेद-१

## प्रारम्भिक

### १.१ पृष्ठभूमिः

शक्तिपृथकीकरणको सिद्धान्त बमोजिम कार्यपालिकालाई व्यवस्थापिका प्रति उत्तरदायी र जवाफदेही बनाउन तथा कार्यपालिकावाट भए गरेका कामकारबाहीको अध्ययन अनुगमन र मूल्यांकन, प्रत्यायोजित व्यवस्थापन सम्वन्धि कार्य तथा सरकारले समय समयमा जनाएका प्रतिवद्धताको कार्यान्वयनका साथै नागरिकमा प्रवाह गरिएको सेवाको गुणस्तर तथा प्रभावकारीता समेतको अध्ययन तथा निगरानी गरी आवश्यक निर्देशन वा रायसुझाव दिन व्यवस्थापिकामा विभिन्न विषयगत तथा विशेष समितिहरु गठन हुने प्रावधान रहेको छ।

सोही अनुसार प्रदेश सरकारलाई प्रदेशसभा प्रति उत्तरदायी र जवाफदेही बनाउन,प्रदेश सरकारबाट भए गरेका कामकारबाहीको अनुगमन र मूल्याङ्कनगरी आवश्यक निर्देशन वा रायसल्लाह दिन समेतका लागि प्रदेश सभामा गठन गरिएका विभिन्न विषयगत समितिहरुको रुपमा प्रदेश मामिला समितिको गठन भएको हो।समितिको कार्यक्षेत्र अन्तर्गतरहेका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,आन्तरिक मामिला तथा कानून मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय तथा अन्तर्गतका निकायहरुका सम्वन्धमा नीति तथा कार्यक्रम, स्रोतपरिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशनसहितको वार्षिक प्रतिवेदन सभामा पेश गर्ने जिम्मेवारी यस समितिको रहेको छ।

संविधानतः सरकार र संसद एक अर्काका परिपूरककारुपमा रहेका छन्। राज्यका यी दुई अङ्ग शक्तिपृथकीकरण एवं शक्ति सन्तुलन र नियन्त्रणका सिद्धान्तअनुरुप एकआपसमा नियन्त्रित र सन्तुलितरुपमा कार्य गर्दछन।संसदले सरकार बनाउँने हुँदा सरकार सदैव संसद प्रति उत्तरदायी रहन्छ भने संसद पनि आफूले नै सरकारवनाएको हुँदा उसका क्रियाकलापहरुप्रति सचेत र जिम्मेवार रहन्छ।बस्तुतःसंसदीय समितिहरु मार्फत नै सरकारको संसद प्रतिको उत्तरदायित्वनिरुपण गर्दछ र सरकारका नीति तथा कार्यक्रम र क्रियाकलापहरुलाई विद्यमान नीति, नियम र ऐन कानूनको कसीमा जाँच गरी कार्यक्रमहरुको लागत,लाभ र उपलब्धिका दृष्टिकोणले समेत समग्र प्रभावको संसदीय निगरानी समितिले गर्ने क्रममा यससमितिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्कोकार्यालय,आन्तरिकमामिला तथा कानूनमन्त्रालय,श्रम,रोजार तथा यातायात मन्त्रालय तथा महालेखा परिक्षकको कार्यालय र प्राकृतिक स्रोत तथा वित्त आयोग वाहेकका संवैधानिक निकायहरुको संसदीयनिगरानी गरिरहेको छ।

### १.२ समितिको गठनः

नेपालको संबिधानको धारा१९३ बमोजिम प्रदेश सभा नियमावली, २०७४ को नियम१४५ मा व्यवस्था भए अनुसार प्रदेश सभाको मिति२०८० असार १२ गते बसेको बैठकको सहमति बमोजिममाननीय सभामुखबाट यस समितिका सदस्यहरुको मनोनयन भएको थियो। माननीय सभामुखले प्रदेश सभाको सहमति लिई पदेनसदस्य बाहेक बढीमा बाइस जना सदस्यहरु मनोनयन गर्ने कानूनीव्यवस्था अनुसा र यससमितिमा सभापति सहित अठारजना माननीय सदस्यहरुकायम रहेको छ।

### १.३ समितिको कार्य क्षेत्र, काम, कर्तव्य र अधिकारः

प्रदेश सभानियमावली, २०७४ को नियम१४६ (१) बमोजिम समितिको कार्य क्षेत्र निम्न बमोजिम रहेकोछ।

बागमती प्रदेश सभाको दोस्रो अधिवेशनको मिति २०८० भाद्र २४ गते बसेको बैठकवाट प्रदेश सभा नियमावली, २०७४ को नियम १४७ बमोजिम सोहि नियमावलीको १४६ मा व्यवस्था भएको विषयगत समितिको कार्यक्षेत्रका अतिरिक्त सो समितिको कार्य क्षेत्र भित्र श्रम, रोजगार तथा यातायात मन्त्रालय सभावाट स्वीकृत भएकोले समितिको कार्यक्षेत्र भित्र बागमती प्रदेश सरकारका ३ मन्त्रालयहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्कोकार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, श्रम, रोजगार तथा यातायात मन्त्रालय रउपभोक्ताको हितको सवाल रहेकोमा प्रदेश सभा नियमावलीको पहिलो संशोधनले उपभोक्ता हित सम्वन्धि कार्य हटाई महालेखा परिक्षकको कार्यालय र प्राकृतिक स्रोत तथा वित्त आयोग वाहेकका सवै संवैधानिक आयोगहरु समेत यस समितिको कार्यक्षेत्र अन्तर्गत रहेका छन्।

### १.३.१ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्षेत्रः

१. प्रदेशमन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालयसम्वन्धी,
२. प्रदेश भित्रको शासनव्यवस्थाको सामान्य निर्देशन,नियन्त्रण र सञ्चालन,
३. प्रदेशसरकारको कार्य विभाजन तथा कार्यसञ्चालन,
४. प्रदेशसरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वय,अनुगमन र मूल्याङ्कन,
५. प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,
६. प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथामूल्याङ्कन र नियन्त्रण,
७. प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,
८. प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण,
९. प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र त्यसको सम्बोधन,

१०. मानव अधिकार संरक्षण र प्रवर्द्धन,

११. सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार,

१२. संवैधानिक निकाय तथा आयोग, प्रदेश लोकसेवा आयोग र संघीय तथा प्रदेशिक आयोगसँगको सम्पर्क र समन्वय,

१३. संघीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा वहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन,

१४. प्रदेश प्रमुखको सम्पर्क सम्वन्धी विषय (प्रतिवेदन समेत),

१५. अन्तरप्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध,

१६. प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवं सेवा, सुविधासम्वन्धि नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन,

१७. निर्वाचन कार्यमा सहयोग र समन्वय,

१८. प्रदेशस्तरीय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन,

१९. प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन नीति, कानून तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन र अभिलेख व्यवस्थापन,

२०. प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण,

२१. प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवं समन्वय,

२२. प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि तथा सेवा प्रवाहको अनुगमन,

२३. गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानून तर्जुमा।

**१.३.२ आन्तरिक मामिला तथा कानून मन्त्रालयको कार्यक्षेत्रः**

१. प्रदेश शान्ति सुरक्षा र सुव्यवस्था सम्वन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना संकलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसँगको समन्वय र सहकार्य,

२. अतिविशिष्टव्यक्ति, महत्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,

३. प्रदेश भित्र भ्रमणमा रहेका अतिविशिष्टव्यक्ति र विशिष्ठ व्यक्तिहरुको सुरक्षा र समन्वय

४. संघिय र प्रदेश सुरक्षा निकायसंगको सम्पर्क,सम्वन्ध,सूचना आदान प्रदान र समन्वय

५. संघीय कानून बमोजिम प्रदेश प्रहरी संचालन, व्यवस्थापन र नियमन,

६. प्रदेश भित्रकोअपराधअनुसन्धान, सूचना संकलन, रोकथाम, नियन्त्रणतथा समन्वय,

७. कानून, न्याय तथा प्रदेश सभा मामिला सम्वन्धी,

८. प्रदेशसभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण ,

९. अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना संकलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,

१०. आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रबर्द्धन सहयोग,

११. प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एकप्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी,

१२. सामुदायिक प्रहरी,

१३. प्रदेश भित्रका न्यायिक र अर्धन्यायिक निकायले गरेका फेसला कार्यान्वयन

१४. प्रदेशभित्रका गैर सरकारी संघ, संस्थाहरुको अभिलेख र समन्वय,

१५. गुनासो र विवाद ब्यवस्थापन,

१६. संघीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थकोनियमन,

१७. फौजदारी कार्यविधि कानूनको कार्यान्वयन,

१८. अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,

१९. निवारक नजरबन्द र स्थानहद सम्बन्धी,

२०. अन्तरप्रदेश सुरक्षा सम्वन्ध,

२१. सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानून तर्जुमा , कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान, २२. स्थानीय प्रशासन संचालन, ब्यवस्थापन र समन्वय,

२२. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र,धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानून र मापदण्डको कार्यान्वयन र नियमन,

२३. विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र संचालन, स्थानीय विपद् कोषमा सहयोग, विपद् तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद्जोखिम क्षेत्र नक्शांकन र बस्ती स्थानान्तरण सम्बन्धी  प्रादेशिकनीति, कानून कार्यान्वयन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

२४. प्रदेश सरकारले दिने उपाधि,सम्मानतथा सिफारिस,

२५. प्रदेशस्तरमा सार्वजनिक समारोह बिदा,उत्सव,उर्दी आदिको व्यवस्थापन,

२६. प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनस्थापना,

२७. सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका ब्यक्ति सम्वन्धी,

२८. प्रदेशस्तरको विद्युतीय संचार माध्यम संचालन (रेडियो, एफ. एम. तथा टेलिभिजन समेत)सम्बन्धी नीति,कानूनर मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण,
२९. प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,
३०. प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन,
३१. प्रदेशभित्र टेलिसेन्टर संचालन, व्यवस्थापन र नियमन,
३२. प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित संचार माध्यमको दर्ता, अभिलेख,अनुमति,नवीकरण, अनुगमन र नियमन,
३३. साइवर सुरक्षा अनुगमन,
३४. प्रदेश सरकार अन्तरगतका निकायहरुमा सफ्टवेयरको निर्माण र प्रयोगको अनुगमन,नियमन र सञ्चालिकरण
३५. छापा सञ्चार माध्यमको दर्ता,अनुमति,आचार संहिता निर्धारण र अनुगमन,अभिलेखाङ्कन,बर्गीकरण,सञ्चालन र नियमन,
३६. प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,
३७. श्रमजीवी सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,
३८. प्रदेशस्तरीय सञ्चार रजिष्ट्रार सम्बन्धी,
३९. केबुल वितरणको इजाजत, नवीकरण र नियमन,
४०. सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन,
४१. चलचित्र निर्माण, हल संचालन तथा प्रदर्शन अनुमति र नियमन,
४२. प्रदेश विधेयक,अध्यादेश,नियम,आदेश तथा प्रदेश सरकारवाट जारी हुने निर्देशिका एवम् कार्विधिको सहमति
४३. प्रदेश राजपत्रकमा प्रकाशन हुने सूचनाको सम्पादन तथा प्रदेश राजपत्र प्रकाशन
४४. प्रदेश कानूनको प्रकाशन र वितरण
४५. प्रदेश रकारलाई आवश्यक पर्ने कानुन तथा कानूनी लिखतको अनुवाद
४६. कानूनको एकिकरण र संहिताकरण
४७. नेपाल सरकारको सहमति लिई प्रदेश मन्त्रिपरिषद्ले गरेको आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौताको अभिलेखिकरण,प्रकाशन
४८. व्यक्तिगत घटना जन्म मृत्यु विवाह र तथ्थाङ्क सम्वन्धी कार्य
४९. सम्पति प्राप्ती,अधिकरण र अधिकार क्षेत्रको सिर्जना
५०. प्रदेश सरकारले गर्नु पर्ने तर कुनै मन्त्रालयलाई नतोकिएको कार्य।

**१.३.३श्रम तथा रोजगार तथा यातायत मन्त्रालयको कार्य क्षेत्रः**

१. प्रदेशस्तरको यातायात सम्वन्धी नीति,कानून,मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन,अध्ययन अनुसन्धान र नियमन

२. प्रदेशभित्रको सवारीदर्ता र नविकरण, चालक अनुमति र नविकरण

३. सवारी तथा सवारीचालक अनुमतिपत्र व्यवस्थापनका लागि विद्युतीय प्रणालीको विकास एवं यातायात क्षेत्रको समग्र सुधारका लागि अध्ययन,अनुसन्धान,कार्यान्वयन तथा नियमन

४. प्रदेशभित्र सार्वजनिका यातायातको रुट अनुमति,मापदण्ड,गुणस्तर र भाडादर समायोजन तथा निर्धारण तथा अनुगमन एवम् नियमन

५. वातावरणमैत्री,अपाङ्गतामैत्री,र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन

६. प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदूषण नियन्त्रण सम्वन्धी योजना निर्माण र कार्यान्वयन

७. श्रम तथा रोजगार प्रवर्द्धन सम्वन्धी प्रदेशिक नीति,योजना,कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र नियमन एवं स्थानीय सरकार संग समन्वय

८. श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड यूनियन सम्वन्धी प्रदेशिक नीति,कानुन,मापदण्ड र नियम

९. श्रम बजार सम्वन्धी अध्ययन,अनुसन्धान र श्रमशक्ति योजना

१०. रोजगार प्रवर्द्धन सम्वन्धी प्रादेशिक नीति,कानून तथा मापदण्ड तर्जुमा,कार्यान्वयन र नियमन

११. औद्योगिक विवाद समाधान,श्रम सम्वन्धमा सुधार र न्यायिक निरुपण

१२. कार्यस्थल सुरक्षा,कलकारखाना निरीक्षण तथा नियमन

१३. प्रदेश तहमा सडक सुरक्षा सम्वन्धी नीति,योजना निर्माण,कार्यान्वयन तथा अनुगमन

१४. ट्राफिक व्यवस्थापन र यातायात क्षेत्रको सिण्डीकेट तथा कार्टेलिङ नियन्त्रण

**१.३.४ प्रदेश सभानियमावली, २०७४ को नियम१५१ बमोजिम प्रदेश मामिला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः-**

१. मन्त्रालय,विभाग र अन्तर्गतका निकायहरूको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस सँग सम्बन्धित क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

२. मन्त्रालय, विभाग रअन्तर्गतका निकायहरूको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहीत नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो रायस हितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने,

३. मन्त्रिपरिषदका सदस्यहरूले प्रदेशसरकारको तर्फबाट बैठकमा समय-समयमा दिएका आश्वासनहरूलाई पूरा गर्न प्रदेशसरकारद्वारा के-कस्ता कदमहरू उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

४. विषयसँग सम्बन्धित सरकारीनिकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने,

५. प्रदेशसरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप भए गरेका कामकारबाहीबारे छलफलगरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

६. प्रदेशसरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग,समिति र जाँचबुझ आयोग,समितिहरूद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमनगरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

७. मन्त्रालय, विभाग र अन्य निकायहरूबाट सम्पादनभएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने,

८. बैठक लेसुम्पेको अन्य काम गर्ने,

९. समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने, र तोकिए बमोजिम कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभागका प्रतिनिधिहरू र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरू सँग समेत विचारको आदान-प्रदानगर्ने।

## १.४ समितिको कार्यविधिः

### प्रदेश मामिला समितिको आन्तरिक कार्यविधि, २०८०

**प्रस्तावनाः**

प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी प्रदेश मामिला समितिको कामलाई प्रभावकारी बनाउन र सु-व्यवस्थित ढंगबाटसञ्चालन गरी अगाडी बढाउन तथा समितिमा रहेका सदस्यहरूको कार्यक्षमतामा समेत अभिवृद्धि गर्ने उद्देश्यले,

बागमती प्रदेश सभाको प्रदेश मामिला समितिले यो कार्यविधि बनाएको छ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "प्रदेश मामिला समितिको आन्तरिक कार्यविधि, २०८०" रहेको छ।

(ख) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः-

(क) "उप-समिति" भन्नालेसमितिको बैठकबाट गठन गरिएको उप-समिति सम्झनु पर्दछ।

(ख) "तोकिएको वा तोकिए बमोजिम"भन्नालेप्रदेश सभाले वा प्रदेश मामिला समितिले तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

(ग) "नियमावली" भन्नालेप्रदेश सभा नियमावली, २०७४ सम्झनु पर्दछ।

(घ) "प्रदेश सभा" भन्नाले बागमती प्रदेश सभा सम्झनु पर्दछ।

(ङ) "बैठक" भन्नालेसमिति तथा उप-समितिको बैठक सम्झनु पर्दछ।

(च) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एवम् बागमती प्रदेश सरकारका सबै मन्त्रालय सम्झनु पर्दछ।

(छ) "सचिव" भन्नालेसमिति तथा उप-समितिको सचिव भै काम गर्न जिम्मेवारी प्राप्त कर्मचारी सम्झनु पर्दछ।

(ज) "सदस्य" भन्नालेप्रदेश मामिला समिति र उप-समितिका सदस्य सम्झनु पर्दछ।

(झ) "सभापति" भन्नालेप्रदेश मामिला समितिको सभापति सम्झनु पर्दछ।

(ञ) "सभामुख" भन्नाले बागमती प्रदेश सभाका सभामुख सम्झनु पर्छ।

(ट) "समिति" भन्नाले बागमती प्रदेश सभामा रहेको प्रदेश मामिला समिति सम्झनु पर्दछ।

(ठ) "समितिको कार्यविधि" भन्नाले प्रदेश मामिला समितिको आन्तरिक कार्यविधि, २०८० सम्झनु पर्दछ।

(ड) "संयोजक" भन्नालेसमितिले गठन गरेको उप-समितिको संयोजक सम्झनु पर्दछ।

## परिच्छेद-२

## समितिको काम कर्तव्य र अधिकार

**३. समितिको काम कर्तव्य र अधिकार निम्नानुसारहुनेछः**

(क) प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपनियम १ ले प्रदान गरेका अधिकारहरु प्रयोग गर्ने।

(ख) नियमित रूपमा बैठक बसी कार्ययोजना निर्माण गर्नुका साथै भएका कामका सन्दर्भमा समीक्षा गर्ने।

(ग) आवश्यकता अनुसार उप-समितिहरू गठन गर्नेर सभामुखको पूर्व स्वीकृती लिई समितिको कार्यसम्पादनको सिलसिलामा स्थलगत अनुगमन तथा भ्रमण गर्ने।

(घ) मन्त्रालय, विभाग तथा अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन तथा सुझाव दिने।

(ङ) समितिको प्रभावकारी कार्य सम्पादन गर्न आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय, विभाग, आयोग र निकायका प्रतिनिधि एवम् विषय विज्ञहरूसँग समेत छलफल गर्ने।

(च) उप-समितिहरूबाट प्राप्त प्रतिवेदन, राय र योजनामा छलफल गरी निर्णय दिने।

(छ) पहिलो प्रदेश सभाको समितिबाट पारित भएका विषयहरूलाई निरन्तरता दिदैं आवश्यकता अनुसार कार्यान्वयन, मूल्याङ्कन एवम् अनुगमन गर्ने।

(ज) समितिले जारी गरेका निर्देशन कार्यान्वयन भए नभएको अनुगमन, मूल्याङ्कन र समीक्षा गरी सोको प्रतिवेदन सभामा पेश गर्ने।

(झ) कानून कार्यान्वयनको मापन सम्बन्धी कार्य गर्ने।

(ञ) सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएका नियमहरू नेपालको संविधान सम्बन्धित ऐन र प्रचलित कानून बमोजिम बनेको छ छैन र प्रदेश सरकारद्वारा प्रचलित कानून बमोजिम काम भए गरेको छ छैन भन्ने विषयमा अध्ययन, अनुसन्धान तथा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई निर्देशन तथा सुझाव दिने।

(ट) समिति र उप-समितिहरूबाट प्रस्तुत भएका कार्ययोजनालाई आवश्यक पर्ने बजेट समितिबाट निर्णय गराई बागमती प्रदेश सभा सचिवालय मार्फत माग गर्ने।

## परिच्छेद-३

## सभापतिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

**४. सभापतिको काम, कर्तव्य र अधिकारः** समितिको सभापतिको काम कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठक बोलाउने तथा बैठकको अध्यक्षता गर्ने।

(ख) प्रदेश सभा नियमावलीले प्रदान गरेका अधिकारहरू प्रयोग गर्ने।

(ग) समितिबाट भएका निर्णयर जारी गरिएका निर्देशन कार्यान्वयनमा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने।

(घ) समितिको तर्फबाट अन्य निकायहरूसँग हुने काम कारबाहीमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने।

(ङ) समितिलाई नेतृत्व प्रदान गर्ने।

(च) प्रचलित ऐन नियम बमोजिम तोकिएका अन्य कार्यहरू गर्ने।

५. <u>सदस्यको काम, कर्तव्य र अधिकारः</u> समितिकासदस्यको काम कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) समिति तथा उप-समितिको बैठकमा नियमित उपस्थित हुने, छलफलमा भाग लिने, सम्बन्धित विषयमा आफ्नो राय प्रस्तुत गर्ने।

(ख) आफूलाई प्रदान गरिएको जिम्मेवारी रचनात्मक तथा सृजनात्मक तरिकाबाट निर्वाह गर्ने।

(ग) सभापति तथा उप-समितिको निर्णय अनुसार तोकिएका अन्य कार्य गर्ने।

(घ) समिति तथा उप-समितिको काम प्रभावकारी रुपमासम्पन्न गर्ने।

(ङ) समिति तथा उप-समितिले गर्नु पर्ने कामको सन्दर्भमा योजना बनाई समिति तथा उप-समितिको बैठकमा पेश गर्ने।

(च) आफूलाई प्रदान गरिएका जिम्मेवारी तथा कामको विवरण समिति तथा उप-समितिको बैठकमा राख्ने।

(छ) सभापति तथा संयोजकलाई आवश्यक सहयोग गर्ने।

(ज) समिति तथा उप-समितिबाट भए गरेका कामका सन्दर्भमा सभापति र संयोजकबाट जानकारी लिने।

## परिच्छेद-४

## उप-समितिको गठन, काम, कर्तव्य र अधिकार

६. <u>उप-समितिको गठनः</u> समितिले आफ्नो अधिकार क्षेत्रभित्र रहेको कामलाई व्यवस्थित र छिटो छरितो ढंगबाटसञ्चालन गर्न फरक फरक क्षेत्रमा काम गर्ने गरी उप-समिति गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ। निश्चित कार्यक्रम र योजनाको लागि समयावधि तोकेर सदस्यहरूको जिम्मेवारी दोहोरो नपर्ने गरी आवश्यकता अनुसार उप-समिति गठन गर्न सकिनेछ। यसरी उप-समिति गठन गर्दा उप-समितिका सदस्यहरूले आफूमध्येबाट एक जना संयोजक चयन गर्नु पर्नेछ।

७. <u>उप-समितिको काम, कर्तव्य र अधिकारः</u>

(क) सम्बन्धित मन्त्रालय र निकायसँग सम्बन्धित प्रत्यायोजित व्यवस्थापन सम्बन्धी र विधेयक माथि दफावार छलफलका लागि समितिलाई सहयोग गर्ने।

(ख) सम्बन्धित क्षेत्रमा क्रियाशिल व्यक्ति र संघ संस्थासँग छलफल आयोजना गरी राय सुझाव संकलन गर्ने।

(ग) वार्षिक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने।

(घ) वार्षिक कार्ययोजना तथा विशेष कार्यक्रमको लागि आवश्यक बजेट तयार गरी समितिको बैठकमा पेश गर्ने।

(ङ) उप-समितिको बैठकले कामको प्रकृति अनुसार छिटो छरितो काम सम्पन्न गर्न आवश्यकता अनुसार उप-समितिका सदस्यहरूलाई कामको बाँडफाँड गर्न सक्नेछ।

(च) सम्बन्धित क्षेत्रको विकासका लागि उचित परियोजना तयार गरी बजेटको व्यवस्था गर्न समिति मार्फत सरकारको ध्यानाकर्षण गराउने।

(छ) उप-समितिले गरेका काम र संकलन गरेका तथ्य, तथ्याङ्क र विवरणको आवश्यकता अनुसार विभिन्न माध्यमद्वारा प्रचार प्रसार गर्ने।

(ज) सम्बन्धित विषयमा अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक राय तथा सल्लाह सहित समितिमा प्रतिवेदन पेश गर्ने।

## परिच्छेद-५

## बैठकको सञ्चालन र स्थगन एवं बैठकको सामान्य कार्यविधि

८. **बैठकको सञ्चालन र स्थगनः** (१) सभापति/संयोजकले समिति/उपसमितिको कार्यबोझलाई ध्यानमा राखी आवश्यकता अनुसार तोकेको मिति र समयमा बैठक बस्नेछ।

(२)समितिको बैठक सभापति/संयोजकले निर्धारित गरेको मिति र समयमा समिति सचिवले बोलाउनेछ। तर निर्धारित समयबाट एक घण्टासम्म पनि बैठक प्रारम्भ हुन नसकेमा सभापति/संयोजकले सो बैठक स्थगन गर्न सक्नेछ र तत्काल अर्को बैठकको मिति र समय तोकिनेछ र सोको जानकारी सचिवले सूचना प्रकाशन गरी दिनु पर्नेछ साथै सोको सूचनाविद्युतीयसञ्चारको माध्यमबाट समेत दिन सकिनेछ। त्यसरी दिएको सूचना सदस्यहरूले पाएको मानिनेछ।

(३) सभापति/संयोजकले प्रत्येक बैठकको प्रारम्भ तथा स्थगनको घोषणा गर्नेछ।

(४) समिति/उप-समितिको बैठक सभापति/संयोजकको निर्देशन बमोजिम आवश्यकता अनुसार भर्च्युयल माध्यमबाट समेत बस्न सक्नेछ।

(५) समिति/उपसमितिको बैठकमा आवश्यकता अनुसार विज्ञ तथा सरोकारवालाहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(६) समिति/उपसमितिको बैठकमा आवश्यकता अनुसार सञ्चारकर्मीहरुलाई समेत आमन्त्रण गर्न सक्नेछ।

(७) समिति/उपसमितिको बैठकहरू रेकर्ड गरी सोको अभिलेखहरूको सुरक्षा गर्नु पर्नेछ।

९. **बैठकको कार्यसूची:**(१) सभापति/संयोजकको निर्देशन बमोजिम सचिवले बैठकमा प्रस्तुत हुने विषयहरू समावेश भएको कार्यसूची बैठक बस्नु भन्दा अगावै तयार गरी सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ।

(२) सभापति/संयोजकको अनुमति नलिई सम्बन्धित बैठकको कार्यसूचीमा नपरेका विषयमा छलफल तथा विचार विमर्श गर्न सकिने छैन।

१०. **बैठक स्थगित गर्ने अधिकार:** बैठक कक्षभित्र वा बैठकको समयमा अव्यवस्था भई वा हुन लागेमा बैठक नियमित रूपमा सञ्चालन गर्न बाधा पर्ने देखिएमा सभापति/संयोजकले सो दिनको कुनै समयसम्म वा निश्चित अवधिसम्मको लागि बैठक स्थगित गर्न सक्नेछ। सभापति/संयोजकले गरेको त्यस्तो स्थगनमाथि कुनै सदस्यले प्रश्न उठाउन पाउने छैन।

## परिच्छेद-६

## विविध

११. **जिम्मेवारीमा हेरफेर:**उप-समितिमा राखिएका सदस्यहरूको माग र कामको अनुभवको आधारमा एक पटकको लागि समितिका सभापतिले जिम्मेवारी हेरफेर गर्न सक्नेछ।

१२. **सदस्यलाई ध्यानाकर्षण:**समिति, उप-समितिमा रहेर जिम्मेवारी पूरा नगर्ने सदस्यहरूको कामको मूल्याङ्कन गर्दै सभापतिले सम्बन्धित सदस्यलाई ध्यानाकर्षण गराउन सक्नेछ।

१३. **सदस्यको दायित्व:**समिति तथा उप-समितिको काम कारबाहीमा सहयोग पुऱ्याउनु र प्राप्त जिम्मेवारी पूरा गर्नु सदस्यहरूको दायित्व हुनेछ।

१४. **समितिमा पेशगर्ने:** सम्बन्धित मन्त्रालय, निकायका काम, गतिविधि सम्बन्धमा सम्बन्धित विषयका उप-समितिले गरेका काम कारबाहीको विवरण समितिको बैठकमा प्रस्तुत गर्नु पर्नेछ।

१५. **सदस्यलाई आमन्त्रण:** उप-समितिले आयोजना गरेको कार्यक्रमहरूमा समितिका सभापति लगायत अन्य उप-समितिका संयोजकहरूलाई आमन्त्रण गर्नु पर्नेछ।

१६. **व्याख्या:** यो कार्यविधिको व्याख्या गर्ने अधिकार सभापतिमा निहित रहनेछ।

१७. **संशोधन:** यस कार्यविधिलाई समितिले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ।

## १.५. सीमाः

संघीयताको पहिलो अभ्यास अन्तर्गत प्रदेश सभाको गठन हुँदा यस प्रदेशको राजधानी हेटौडामा प्रदेश सभाकोलागि उपयुक्त भौतिक पुर्वाधारहरु नहुनु, यस प्रदेशमा पनि लामो समयसम्म प्रदेशको स्थायी राजधानीको टुंगो नलाग्दा भौतिक पुर्वाधारको पर्याप्त विकास गर्न नसक्नु लगायतका समस्या रहेकोमा बागमती प्रदेशको स्थायी राजधानी हेटौंडामा तोकिएपछि पनि प्रदेश सरकारका आफ्ना कार्यक्रम तथा सञ्चालित आयोजना तथा परियोजनाको कमी हुनु,संघ र प्रदेशको कार्य क्षेत्रको दोहोरोपना रहनु,सीमित स्रोत साधन र जनशक्ति समेतले समितिको प्रभावकारी कार्य सम्पादनमा असहजता हुनुलाई यस वर्ष पनि प्रतिवेदनको सिमाका रूपमा लिन सकिन्छ।

# परिच्छेद-२
# समितिबाट सम्पादित मुख्यकार्यहरुः

## २.१ मन्त्रालयसँग सम्वन्धित कार्यहरुः

समितिको कार्यक्षेत्र भित्र रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, श्रम,रोजगार तथा यातायात मन्त्रालय,महालेखा परिक्षकको कार्यालय र प्राकृतिक स्रोत तथा वित्त आयोग वाहेकका सवै संवैधानिक आयोगहरु सम्वन्धी विषयमा केन्द्रित रही समितिले आफ्नो कार्य गर्नु पर्नेमा समयमा समिति गठन हुन नसक्नु, समिति गठन भए पश्चात पनि सभापतिको निर्वाचन हुन नसक्नु,समितिको जेष्ठ माननीय सदस्यवाट समितिको कार्य हुनु जस्ता कारणहरुले गर्दा समितिले प्रभावकारी रुपमा आफ्नो कार्य गर्न सकेन।जे भएतापनि प्रदेश मामिला समितिका जेष्ठ सदस्य माननीय शिबराज अधिकारीले सभापतिको अध्यक्षता गरेर जुन कामकार्बाही गर्नु भयो त्यसको लागि उहांलाई समितिको तर्फबाट धन्यबाद यापन गर्दछ ।

## २.२ विधायन सम्वन्धी कार्यहरुः

प्रदेश मामिला समितिले आफ्नो वार्षिक प्रतिवेदन पेश गर्ने समय सम्ममा सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक उपर माथि मात्र छलफल सम्पन्न गरी सभामा आफ्नो प्रतिवेदन पेश गरेको थियो ।

# परिच्छेद-३
# समितिका निर्णय

## ३.१ समितिका विभिन्न बैठकका निर्णयहरु:

**बैठक संख्या: १**

**मिति: २०८०/०५/१९ गते**

**समय: बिहान ११:०० बजे**

**समितिको आजको बैठकमा भएको निर्णयहरू:**

१. प्रदेश मामिला समितिको आजको बैठक यस समितिका ज्येष्ठ सदस्य माननीय शिवराज अधिकारीको अध्यक्षतामा बस्ने निर्णय गरियो।

२ .प्रदेश मामिला समितिको आन्तरिक कार्यविधि, २०८० तयार गरी मिति २०८० भाद्र २५ गते भित्र समितिमा प्रतिवेदन सहित पेश गर्ने कार्यदिश सहित तपसिलका माननीय सदस्यहरु रहेको **"आन्तरिक कार्यविधि तयारी उपसमिति"** गठन गर्ने निर्णय गरियो।

तपसिल:

१. माननीय जयराम थापा
२. माननीय उद्वव थापा
३ .माननीय राधिका तामाङ
४. माननीय छिरिङ दोर्जे लामा
५. माननीय कृष्ण प्रसाद शर्मा खनाल

३. बागमती प्रदेश सभाका पूर्व माननीय सदस्य डा. राजाराम कार्कीको असामयिक निधन भएकोमा शोक प्रस्ताव पारित गरियो।

**बैठक संख्या: ०२**

**मिति: २०८०/०६/१६ गते**

**समय: बिहान ११:०० बजे**

**समितिको आजको बैठकमा भएको निर्णयहरू:**

१.प्रदेश मामिला समितिको आजको बैठक यस समितिका ज्येष्ठ सदस्य माननीय शिवराज अधिकारीको अध्यक्षतामा बस्ने निर्णय गरियो,

**२."आन्तरिक कार्यविधि तयारी उपसमिति"**ले तयार गरी समितिमा पेश गरेको प्रदेश मामिला समितिको आन्तरिक कार्यविधि, २०८०को दफा ८ को उपदफा (१) र उपदफा (२) मा रहेको **"तोकेको मिति, समय र स्थानमा"** शब्दको को सट्टा **"तोकेको मिति र समयमा"** भन्ने शब्द राख्ने निर्णय गरियो।

३."**आन्तरिक कार्यविधि तयारी उपसमिति**"ले तयार गरी समितिमा पेश गरेको प्रदेश मामिला समितिको आन्तरिक कार्यविधि, २०८० लाई निर्णय नम्बर २ को संशोधनलाई कार्यविधिमा समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो।

**बैठक संख्याः ०३**

**मितिः २०८०/०६/२१गते**

**समयः बिहान ११:०० बजे**

**१.समितिको आजको बैठकमा भएको निर्णयहरूः**

१."प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक"(यसपछि विधेयक भनिएको) को प्रस्तावित दफा ४६ को उपदफा (१क)मा रहेको "कारवाहीका लागि रजिष्ट्रारले" भन्ने शव्दहरुको सट्टा"कारवाहीका लागि सञ्चार रजिष्ट्रारको कार्यालयले" भन्ने शव्दहरु राख्ने।

२.विधेकको प्रस्तावित दफा ५३क.मा रहेको "क्षमता विकासका लागि सञ्चार रजिष्ट्रारले" भन्ने शव्दहरुको सट्टा"क्षमता विकासका लागि सञ्चार रजिष्ट्रारको कार्यालयले"भन्ने शव्दहरु राख्ने।

**बैठक संख्याः ०४**

**मितिः २०८०/०६/२१ गते**

**समयः दिनको १:०० बजे**

**समितिको आजको बैठकमा भएको निर्णयहरूः**

१. समितिको वैठकमा प्राप्तप्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक उपर दफावार छलफल गरी समितिले गरेको निर्णय सहितको प्रतिवेदन प्रदेश सभाको आगामी बैठकमा पेश गर्ने निर्णय गरीयो।

२. समितिमा रेकर्डिङ सिस्टमको व्यवस्था गरी नमुना वैठक बनाउने।

**बैठक संख्याः ०५**

**मितिः २०८१/०२/०५ गते**

**समयः दिनको २:०० बजे**

**समितिको आजको बैठकमा भएको निर्णयहरूः**

बागमती प्रदेश सभा अन्तरगतको प्रदेश मामिला समितिको सभापति पदमा निर्वाचित गरियोस भन्ने प्रस्तवको सूचना एउटा मात्र प्राप्त भएकोले वागमती प्रदेश सभा नियमावली २०७४ को नियम १४९ को उप नियम (५)बमोजिम प्रदेश मामिला समितिको सभापति पदमा माननीय श्री छिरीङ्ग दोर्जे लामा निर्विरोध निर्वाचित हुनु भयो।

**बैठक संख्याः ०६**

**मितिः २०८१/०२/१६ गते**

**समयः दिनको २:०० बजे**

**<u>समितिको आजको बैठकमा भएको निर्णयहरूः</u>**

१. नवनियूक्त प्रदेश मामिला समितिका सभापति छिरीङ्ग दोर्जे लामालाई वधाई ज्ञापन गर्ने।
२. प्रदेश लोक सेवा आयोगको चौथो वार्षिक प्रतिवेदन माथी सामान्य छलफल भयो र थप छलफलका लागि लोक सेवा आयोगका पदाधिकारीलाई अर्को बैठकमा छलफलका लागि वोलाउने निर्णय गरीयो ।
३. समितिको वार्षिक प्रतिवेदन २०८१ तयार पारी समितिको आगामि बैठकमा पेश गर्ने निर्णय गरियो ।

# परिच्छेद-४
# निष्कर्ष

## ५.१ निष्कर्षः

विगत वर्षहरु भन्दा यस वर्ष समितिको विधायिकी कार्य र समितिको नियमनकारी कार्य सम्पादनमा केही कमी भएको देखीन्छ।यसका बावजुद समितिले यस अवधिमा ६ वटा वैठक वसी १ वटा विधेयकको सम्वन्धमा समितिले दफावार छलफल, प्रतिवेदन सभामा पेश गरेको थियो।

प्रदेश सरकारको पहिलो कार्यकाल सुरुभएको डेढ वर्षको अवधि समितिले उपलव्धि मुलक कार्य गर्न सकेन। समितिले आफ्नो कार्य गर्न नसक्नुमा समयमा समिति गठन हुन नसक्नु,समिति गठन भएता पनि समित सभापतिको निर्वाचन हुन नसक्नु जस्ता कारणले समितिले आफ्नो कार्य गर्न सकेन।प्रदेश सरकारको काम कार्यवाहीको निगरानी गर्ने क्रममा समिति जुनरुपमा चनाखो भएर लाग्नुपर्थ्यो त्यसो हुन सकेन।विद्यमान राजनितिक परिस्थितिले गर्दा पनि समितिले संविधान र प्रदेश सभा नियमावलीले तोकिदिएको अधिकार क्षेत्र भित्र रही सरकारको काम कारवाही तथा विधेयक निर्माणमा गहन सुझाव दिएर समिति मार्फत महत्वपूर्ण भूमिका निर्बाह गरेका छौं।

आगामी दिनहरुमा प्रदेश सरकारका कार्यको अनुगमन र मूल्याङ्कन मात्रै नभई संविधान र ऐन कानुनको कसीमा परीक्षण गरी सरकारको कार्यमा प्रभावकारिता ल्याउन समेत यस समितिले सहयोगी भूमिका खेल्ने छ।